# दोर्दी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
नौथर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३


### जीविकोपार्जन सुधार कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशन मिति :२०८०।०२।१४**

प्रस्तुत विषयका सम्बन्धमा दोर्दी गाउँपालिका अर्न्तगत महिला तथा बालबालिका शाखा मार्फत महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट आ.ब.२०७९।०८० को स्वीकृत कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि अति विपन्न, एकल, हिंसा पिडित, महिला कृषि बाहेक अन्य कुनै पनि रोजगारी नभएका परिवारका महिला तथा कोभिडबाट प्रभावित महिला समेतको जीविकोपार्जन सुधार कार्यक्रमका लागि यस गाउँपालिकामा दर्ता भएका महिला सहकारी तथा महिला संस्थाहरुले जीवकोपार्जन सुधार कार्यक्रमका लागि कृषि तथा पशुपालन, पर्यटन, गैरकृषि क्षेत्रमा महिलाहरुसँग सम्बन्धित रही कार्यक्रम गर्न अनसुची २ बमोजिमको ढाँचामा प्रस्ताव तयार पारी निम्न विवरण खुलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । रितपूर्वक नआएमा र तोकिएको समय भित्र पेश हुन नआएमा सो प्रस्ताव उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**आवश्यक कागजातहरु**

१.संस्थाको विधान

२.प्रस्तावित व्यवसायको अवधारणा पत्र

३.व्यवसायको क्षेत्र तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण, प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि

४.अघिल्लो आ.ब. को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

५.प्रस्तावित संस्थाको योगदान अंश एवं अन्य निकायबाट प्राप्त हुने संभाव्य सहयोग वा साझेदारी स्रोत सहितको एकिन विवरण ।

६.कालो सूचीमा नपरेको  र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वघोषणा पत्र

७.प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न, एकल महिला, हिंसा पिडित महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक संभाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्य योजना प्रस्ताव

इच्छुक संस्थाहरुले महिला तथा बालबालिका मन्त्रालयले निर्धारण गरेको ढाँचामा प्रस्ताव पेश गर्नूपर्ने छ । त्यस्तो प्रस्तावको ढाँचा तथा अन्य जानकारी महिला तथा बालबालिका मन्त्रायलको वेवसाइट www.mowcsc.gov.np को "जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७"बाट डाउनलोड गर्न सक्नुहुनेछ ।

शम्सेर गुरुङ

प्रमुख प्रशासकीय अधिकृत